राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २२ २०८३ साउन २५ गते सोमवार (10 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## बालेनले राजदूतसँग छुट्टाछुट्टै भेट्दै

दैनिक समाचारदाता

काठमाडौँ २४ साउन । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले विदेशी कूटनीतिक नियोगका प्रमुखहरूसँग छुट्टाछुट्टै भेटघाट गर्ने भएका छन्। यसअघि सबै राजदूत तथा नियोग प्रमुखसँग सामूहिक भेट गरिसकेका प्रधानमन्त्री शाहले सोमबारदेखि विभिन्न देशका राजदूतसँग एक्लाएक्लै भेटवार्ता गर्न लागेका हुन्।

यसअघि प्रधानमन्त्री शाहले विदेशी राजदूतसँग छुट्टाछुट्टै भेट गर्न अस्वीकार गर्दै आएका थिए। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार सोमबार बिहान नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसँग भेट गरेपछि उनले चिनियाँ राजदूत चाङ माओमिङसँग भेट गर्नेछन्। त्यसपछि अमेरिका लगायत विभिन्न देशका राजदूतसँग भेटवार्ता गर्ने तयारी छ।

प्रधानमन्त्रीमा नियुक्त भएपछि चैत १३ गते विभिन्न देशका राजदूतहरूले शुभकामना तथा बधाई दिन भेटका लागि समय माग गरेका थिए। तर प्रधानमन्त्री शाहले तत्काल कसैलाई नभेटी चैत २५ गते एकैपटक विभिन्न देशका राजदूत तथा नियोग प्रमुखसँग सामूहिक भेट गरेका थिए। उक्त भेटमा परराष्ट्र मन्त्रालयमार्फत नेपालको विदेश नीतिबारे जानकारी गराइएको थियो।

सामूहिक भेटमा भारत, पाकिस्तान, कोरिया गणराज्य, बेलायत, कतार, स्विट्जरल्यान्ड, फ्रान्स, इजरायल, जापान, बंगलादेश, जर्मनी, इजिप्ट, श्रीलंका, साउदी अरेबिया, चीन, संयुक्त राज्य अमेरिका तथा संयुक्त राष्ट्रसङ्घका राजदूत र नियोग प्रमुख सहभागी भएका थिए। त्यसपछि जेठ १२ गते प्रधानमन्त्री शाहले नेपालस्थित युरोपेली सङ्घ (ईयू) आबद्ध देशका गैरआवासीय राजदूत तथा मिसन प्रमुखसँग पनि सामूहिक भेटवार्ता गरेका थिए।

सामूहिक भेटपछि विभिन्न देशका राजदूतहरूले प्रधानमन्त्री शाहसँग छुट्टाछुट्टै भेटवार्ताका लागि समय माग गरे पनि उनले तत्काल समय नदिएको स्रोतको भनाइ छ। विदेशबाट आएका उच्चस्तरीय कूटनीतिज्ञसँगको भेटघाटमा समेत प्रधानमन्त्री शाहले रुचि नदेखाएको बताइएको छ।



यसबीच प्रधानमन्त्री शाहले कूटनीतिक भेटवार्तालाई प्राथमिकता दिनुपर्ने सुझाव विभिन्न तहबाट पाउँदै आएका थिए। परराष्ट्रमन्त्री शिशिर खनालले समेत भेटवार्ता तथा विदेश भ्रमणका लागि पटक(पटक पहल गरेको बताइएको छ।

नेपालको विदेश सम्बन्धलाई थप सक्रिय बनाउन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र परराष्ट्रमन्त्री खनालले पनि कूटनीतिक भेटघाट तथा विदेश भ्रमणलाई तीव्रता दिएका छन्। लामिछानेले भारतको पाँचदिने भ्रमण गरिसकेका छन् भने मन्त्री खनालले भारत र चीनको भ्रमण गरिसकेका छन्। लामिछाने चीन भ्रमणको तयारीमा रहेको बताइएको छ।

संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन प्रधानमन्त्री शाह जानुपर्ने भए पनि उनी नजाने भएपछि परराष्ट्रमन्त्री खनाल सहभागी हुने तयारीमा रहेको स्रोतले जनाएको छ।

प्रधानमन्त्री शाहलाई भारत र चीनबाट भ्रमणको निम्तो आएको बताइएको छ। यद्यपि उनले हालसम्म विदेश भ्रमणबारे निर्णय गरेका छैनन्।

राजदूतहरूसँगको छुट्टाछुट्टै भेटवार्ताले प्रधानमन्त्री शाहको कूटनीतिक संलग्नता बढाउने र आगामी दिनमा विदेश भ्रमणका लागि वातावरण तयार हुने अपेक्षा गरिएको छ।

# ग्यासको अभावले जनकपुरमा सास्ती




दैनिक समाचारदाता

जनकपुरधाम, २४ साउन । खाना पकाउने ग्यासको कृत्रिम अभाव र कालोबजारीका कारण जनकपुरधामका उपभोक्ता मर्कामा परेका छन् । बिहानदेखि दिनभरि ग्यासको खोजी गर्दा पनि सहज रूपमा नपाएपछि उपभोक्ताले हैरानी खेप्नुपरेको छ ।

जनकपुरधामका केही डिलरले छिटफुट रूपमा ग्यास वितरण गरे पनि पर्याप्त मात्रामा उपलब्ध नहुँदा उपभोक्ता घण्टौँ लाइन बस्नुपर्ने र कतिपय अवस्थामा खाली सिलिण्डर बोकेर घर फर्कनुपर्ने अवस्था रहेको छ । बजारमा ग्यासको अभाव बढ्दै गए पनि सम्बन्धित निकायले प्रभावकारी अनुगमन नगरेको उपभोक्ताको गुनासो छ ।

सरकारले मुलुकमा खाना पकाउने ग्यासको अभाव नरहेको बताउँदै आए पनि डिलर तथा व्यवसायीले कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरेको आरोप उपभोक्ताले लगाएका छन् । ग्यासको अभाव र कालोबजारीबारे प्रतिक्रिया लिन धनुषाका प्रमुख जिल्ला अधिकारीसँग सम्पर्क गर्न खोजिए पनि सम्पर्क हुन सकेन ।

जनकपुरधामकी स्थानीय संगीता दासले तीन दिनदेखि खाली सिलिण्डर बोकेर ग्यास खोजिरहेको बताइन् । "जहाँबाट ग्यास लिँदै आएको थिएँ, त्यहाँको मोबाइल बन्द छ र पसल पनि बन्द छ । अरू पसलले पनि ग्यास दिइरहेका छैनन्," उनले भनिन् ।

ग्यास नपाएपछि दाउरा प्रयोग गर्न थालेको उनले बताइन् । "ग्यास नपाएपछि दाउरा ल्याएको छु । आजदेखि दाउरामै खाना पकाउन थालेकी छु," दासले भनिन् ।

अर्का स्थानीय वीरेन्द्र कर्णले पनि ग्यास पाउन कठिन भएको बताए । "जसबाट ग्यास लिँदै आएको थिएँ, उसको पसल र मोबाइल दुवै बन्द छ । ग्यास व्यवसायी सङ्घका सचिवसँग कुरा गरेपछि जसोतसो एउटा सिलिण्डर उपलब्ध गराइदिनुभयो," उनले भने ।

यता, ग्यासको कालोबजारी रोक्न र आपूर्ति सहज बनाउन गृह मन्त्रालय तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा बजार अनुगमन तीव्र पारिएको छ।

भारतबाट ग्यास आयातमा कुनै समस्या नरहे पनि बजारमा कृत्रिम अभाव सिर्जना गरी कालोबजारी भइरहेको भन्दै उद्योग मन्त्रालयमा लगातार गुनासा तथा सूचना प्राप्त भएपछि अनुगमनलाई कडाइ गरिएको मन्त्रालयले जनाएको छ।

उद्योग मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीका अनुसार बजार अनुगमनलाई निरन्तरता दिँदै प्रभावकारी बनाइएको छ। उनका अनुसार पछिल्लो समय ग्यासको आपूर्तिमा समेत क्रमशः सहजता आउन थालेको छ।

आपूर्ति सहज हुँदाहुँदै पनि कृत्रिम अभाव सिर्जना गरी उपभोक्तालाई समस्यामा पार्ने तथा महँगो मूल्यमा ग्यास बिक्री गर्ने गतिविधि नियन्त्रण गर्न उद्योगमन्त्री गौरीकुमारी यादवले गृहमन्त्री सुधन गुरुङसँग काठमाडौँ उपत्यकाका ग्यास डिपोमा सुरक्षाकर्मी परिचालन गर्न आग्रह गरेकी थिइन्।

मन्त्री यादवको आग्रहपछि गृहमन्त्री गुरुङले प्रहरी प्रशासनलाई आवश्यक समन्वय र सहजीकरण गर्न निर्देशन दिएको गृहमन्त्रीको निजी सचिवालयले जनाएको छ।

तर केन्द्रमा बजार अनुगमन तीव्र पारिएको दाबी भइरहेका बेला जनकपुरधाममा भने उपभोक्ताले ग्यासका लागि दिनभरि भौंतारिनुपर्ने अवस्था अन्त्य भएको छैन। आपूर्ति सहज रहेको सरकारी दाबी र बजारमा देखिएको अभावबीचको विरोधाभास हटाउन स्थानीय तहमा समेत प्रभावकारी अनुगमन, नियमित आपूर्ति र कालोबजारी नियन्त्रण आवश्यक देखिएको छ।

## अनावश्यक सिलिन्डर सञ्चय नगरौँ : ग्यास उद्योग संघ


काठमाडौँ । नेपाल एलपी ग्यास उद्योग सङ्घले पछिल्लो समय ग्यासको आयात लगातार वृद्धि भइरहेकाले अनावश्यक सिलिन्डर सञ्चय (होल्ड) नगर्न उपभोक्तामा आग्रह गरेको छ। भारतबाट सहजै एलपी ग्यासको आयात हुनुका साथै उद्योगबाट सिलिन्डर 'रिफिलिङ' (भर्ने काम) गरी निरन्तर बजारीकरण भइरहेकाले आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न सङ्घले सबैमा आग्रह गरेको हो।

"उपभोक्ताले अतिरिक्त ग्यास खरिद नगर्ने हो भने अहिले देखिएको ग्यास अभावको समस्या तत्कालै समाधान हुने देखिन्छ। आगामी दिनमा पनि ग्यास आपूर्तिमा समस्या नहुने भएकाले ग्यासको अभाव देखिने सम्भावना छैन," सङ्घका अध्यक्ष दिवानबहादुर चन्दले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।


नेपाल आयल निगमको पहलमा भारतका विभिन्न शोधनशाला (रिफाइनरी) बाट सहज रूपमा हाल एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भइरहेको छ। पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिक टन ग्यास आयात भएको निगमले जनाएको छ। यस आधारमा चालू आर्थिक वर्षको साउनमा करिब ५५ हजार मेट्रिक टन ग्यास आयात हुने अनुमान गरिएको छ।

गत आर्थिक वर्षको सोही अवधिमा ४४ हजार ३१८ मेट्रिक टन ग्यास आयात भएको थियो। उपभोक्तालाई बजारको मागअनुसार ग्यास उपलब्ध गराउन हरसम्भव प्रयास गरिरहेको जनाउँदै ग्यास उद्योग सङ्घले घरायसी प्रयोगकर्ता उपभोक्तालाई प्राथमिकतामा राखी ग्यास बिक्री-वितरण गर्न पनि बिक्रेतासँग आग्रह गरेको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# ऋण, शासन र मधेशको प्रश्न

राज्य सञ्चालन केवल सरकार गठन र निर्णय गर्ने विषय होइन, त्यसको प्रभाव जनताको दैनिक जीवन र मुलुकको दीर्घकालीन भविष्यसँग जोडिएको हुन्छ। यही सन्दर्भमा राजनीतिक विश्लेषक तथा दलित अधिकारकर्मी विश्वभक्त दुलाल 'आहुति'ले वर्तमान बालेन्द्र नेतृत्वको सरकारप्रति उठाएका प्रश्नलाई गम्भीर सार्वजनिक बहसको विषय बनाउन आवश्यक देखिन्छ।

नेपाल पत्रकार महासंघ धनुषा शाखाले आयोजना गरेको 'तराई-मधेशको समस्या र राज्यको उपेक्षा' विषयक कार्यक्रममा आहुतिले सरकारको कार्यशैली, आर्थिक नीति, बढ्दो महँगी र सार्वजनिक ऋणप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। सरकारका निर्णयमा पर्याप्त अध्ययन, छलफल, दीर्घकालीन दृष्टिकोण र परिणामको पूर्वानुमान गर्ने क्षमता नदेखिएको उनको आरोप छ। सामाजिक सञ्जालमा कर लगाउने निर्णयदेखि त्यसको फिर्तासम्मका घटनालाई उनले सरकारको अस्थिर कार्यशैलीको उदाहरणका रूपमा प्रस्तुत गरेका छन्।

सरकारमाथि राजनीतिक टिप्पणी हुनु लोकतान्त्रिक व्यवस्थामा स्वाभाविक हो। तर यस्ता आरोप र दाबीलाई तथ्य, तथ्यांक र नीतिगत परिणामका आधारमा परीक्षण गर्नु पनि उत्तिकै आवश्यक छ। विशेषतः प्रतिव्यक्ति ऋणको भार बढेको दाबीले राज्यको ऋण व्यवस्थापन, सार्वजनिक खर्च र त्यसबाट प्राप्त प्रतिफलबारे गम्भीर बहस माग गर्छ। ऋण आफैंमा समस्या होइन; ऋणको उपयोग कहाँ, कसरी र कति प्रतिफलका लागि भइरहेको छ भन्ने मुख्य प्रश्न हो। उत्पादन र रोजगारी बढाउने क्षेत्रमा लगानी नभई ऋण उपभोगमै सीमित भयो भने त्यसको भार अन्ततः नागरिकमाथि नै पर्न सक्छ।

त्यसैगरी, महँगी, इन्धन, शिक्षा र विद्युत् महसुल तथा किसानका लागि मलखादजस्ता विषय सरकारको प्राथमिकतामा पर्नैपर्छ। जनताको जीवनयापन कठिन बन्दै गएको अवस्थामा सरकारले राहतका अल्पकालीन उपायसँगै उत्पादन, रोजगारी र आयवृद्धिका दीर्घकालीन कार्यक्रम पनि अघि सार्नुपर्छ। सरकारसँग स्पष्ट नीति, प्राथमिकता र कार्यान्वयनको क्षमता छ कि छैन भन्ने प्रश्नको जवाफ भाषणभन्दा परिणामले दिनुपर्छ।


आहुतिले उठाएको अर्को महत्वपूर्ण पक्ष तराई-मधेशको संरचनागत समस्या हो। भूमि वितरण, पितृसत्ता र जात व्यवस्था, रैथाने भाषामाथिको दबाब, वन विनाश तथा चुरे दोहनलाई उनले मधेश विकासका प्रमुख अवरोधका रूपमा औंल्याएका छन्। यी विषयलाई केवल सडक, पुल, भवन वा बजेटको दृष्टिले हेर्नु पर्याप्त हुँदैन। भूमि सम्बन्ध, सामाजिक विभेद, भाषा-संस्कृतिको सम्मान तथा प्राकृतिक स्रोतको संरक्षणलाई विकास नीतिसँग जोड्न जरुरी छ।

विशेषतः चुरे संरक्षण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन मधेशको भविष्यसँग प्रत्यक्ष जोडिएको प्रश्न हो। चुरे क्षेत्रको दोहनले वातावरणीय असन्तुलन निम्त्याउँदा त्यसको असर पानीको स्रोत, कृषि, बस्ती र जनजीवनसम्म पुग्न सक्छ। त्यसैले मधेश विकासको बहसमा वातावरणीय न्यायलाई पनि केन्द्रमा राखिनुपर्छ।

सरकारको आलोचना गर्नु लोकतन्त्रको कमजोरी होइन, बरु लोकतान्त्रिक उत्तरदायित्वको आधार हो। तर आलोचना तथ्यमा आधारित र समाधानमुखी हुनुपर्छ। त्यस्तै, सरकारले पनि आलोचनालाई राजनीतिक आरोपका रूपमा मात्र नलिई सार्वजनिक नीति सुधार्ने अवसरका रूपमा लिन सक्नुपर्छ।

आजको आवश्यकता सरकार बदल्ने बहस मात्र होइन, शासनको चरित्र, सार्वजनिक ऋणको उपयोग, आर्थिक प्राथमिकता र मधेशलगायत पछाडि पारिएका क्षेत्रको विकास मोडलमाथि गम्भीर पुनर्विचार गर्नु हो। जनताले भाषण होइन, स्थिर नीति, पारदर्शिता, रोजगारी, राहत र परिणाम खोजेका छन्। वर्तमान सरकारको वास्तविक परीक्षा पनि यहीँबाट सुरु हुन्छ।

# नेपाली वामपन्थी आन्दोलन : आदर्श, उपलब्धि र चुनौती



खिलेन्द्रहरी लुईटेल

राजनीतिक आन्दोलनको मूल्याङ्कन केवल उसले कति पटक सरकार गठन गर्‍यो वा कति निर्वाचन जित्यो भन्ने आधारमा मात्र गर्न सकिँदैन। कुनै पनि आन्दोलनको वास्तविक शक्ति त्यसको वैचारिक स्पष्टता, संगठनात्मक क्षमता, नैतिक विश्वसनीयता, जनविश्वास तथा समयानुकूल आत्मसमीक्षा र रूपान्तरण गर्ने क्षमतामा निहित हुन्छ।

नेपालको आधुनिक राजनीतिक इतिहासमा वामपन्थी आन्दोलनले परिवर्तन, प्रतिरोध र सामाजिक रूपान्तरणको महत्त्वपूर्ण संवाहकका रूपमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ। २००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा साम्यवादी आन्दोलनको प्रारम्भदेखि २०५२ सालको माओवादी जनयुद्ध हुँदै २०७४ सालको निर्वाचनमा वाम गठबन्धनको सफलतासम्म आइपुग्दा यस आन्दोलनले नेपाली राजनीतिमा गहिरो प्रभाव छोड्यो। सामाजिक न्याय, वर्गीय समानता, शोषणमुक्त समाज र समाजवादका आदर्शले लाखौं नागरिक, विशेषतः युवा पुस्तालाई परिवर्तनको अभियानमा आकर्षित गरे।

वामपन्थी आन्दोलनले दलाल पुँजीवाद, सामन्ती संरचना र सामाजिक असमानताविरुद्ध वैचारिक सङ्घर्षको आधार निर्माण गर्दै राजनीतिक चेतनाको विस्तारमा उल्लेखनीय योगदान दिएको तथ्य अस्वीकार गर्न सकिँदैन, तर समयसँगै सिद्धान्त र व्यवहारबिचको दुरीबारे प्रश्न उठिरहेका छन्। विशेषतः पछिल्ला वर्षमा देखिएको जनअसन्तुष्टि, नयाँ पुस्ताको बदलिँदो राजनीतिक चेतना तथा निर्वाचन परिणामहरूले वाम राजनीतिका स्थापित मान्यता र अभ्यासमाथि पुनर्विचार आवश्यक भएको सङ्केत गरेका छन्।

आजको मूल प्रश्न केवल वामपन्थी दलहरूको चुनावी सफलता वा असफलताको होइन। प्रश्न यो हो- सिद्धान्तले प्रतिपादन गरेको समाजवाद, समानता र सामाजिक न्याय शासन सञ्चालनमा कति रूपान्तरण भयो ? आन्दोलनले अघि सारेका आदर्शहरू व्यवहारमा कति कार्यान्वयन भए ? बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा नेपाली वाम आन्दोलनले आफ्नो वैचारिक दिशा, संगठनात्मक संस्कार र जनविश्वासलाई कसरी पुनर्स्थापित गर्न सक्छ ? यिनै प्रश्नको वस्तुनिष्ठ समीक्षा गर्नु आजको राजनीतिक बहसको प्रमुख आवश्यकता बनेको छ।

### *घोषणापत्रको आदर्श र वैचारिक आधार*

कम्युनिष्ट दर्शनको मूल आधार द्वन्द्वात्मक भौतिकवाद हो। यस दर्शनले समाजलाई वर्गीय सम्बन्धका आधारमा विश्लेषण गर्दै शोषक-शोषित तथा शासक-शासितबिचको अन्तर्विरोधलाई सामाजिक परिवर्तनको प्रमुख प्रेरक शक्ति मान्दछ। नेपालका वामपन्थी दलहरूले आफ्ना विधान, घोषणापत्र र नीतिमार्फत सामाजिक न्याय, समानता र समाजवादलाई आफ्नो मूल वैचारिक प्रतिबद्धताका रूपमा प्रस्तुत गर्दै आएका छन्।

उनीहरूले राष्ट्रिय उत्पादनको विकास, दलाल पुँजीवादको अन्त्य, श्रमिक तथा किसानको हित संरक्षण, जनवादी केन्द्रीयताको अभ्यास तथा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षालाई राज्यको प्राथमिक दायित्वका रूपमा स्थापित गर्ने लक्ष्य अघि सारेका छन्।

यी सिद्धान्त आफैंमा आकर्षक, प्रेरणादायी र परिवर्तनमुखी थिए। यिनै आदर्शले विगतमा हजारौं युवालाई राजनीतिक आन्दोलनमा सहभागी हुन प्रेरित गरे, तर लोकतान्त्रिक अभ्यास परिपक्व हुँदै जाँदा नागरिकहरूले घोषणापत्रका प्रतिबद्धताभन्दा पनि तिनको व्यवहारिक कार्यान्वयनलाई मूल्याङ्कन गर्न थाले। परिणामस्वरूप, सिद्धान्त र व्यवहारबिचको दुरीबारे बहस क्रमशः सशक्त बन्दै गएको देखिन्छ।

### *सत्ताको परीक्षण : सिद्धान्त र व्यवहारबिचको दुरी*

राजनीतिक आन्दोलनको वास्तविक मूल्याङ्कन प्रतिपक्षमा रहँदा होइन, सत्ता सञ्चालनको जिम्मेवारी प्राप्त गरेपछि हुन्छ। नेपाली वामपन्थी आन्दोलनका लागि पनि यही चरण सबैभन्दा कठिन परीक्षण बन्यो। सिद्धान्तले परिकल्पना गरेको समाजवादी आदर्श र शासन सञ्चालनको व्यवहारबिचको अन्तर क्रमशः स्पष्ट हुँदै गयो। वामपन्थी दलहरूले राष्ट्रिय उत्पादनको प्रवर्द्धन, सार्वजनिक शिक्षा र स्वास्थ्यको सुदृढीकरण तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई आफ्नो प्राथमिक नीतिका रूपमा अघि सारेका थिए। तर व्यवहारमा ती प्रतिबद्धताले अपेक्षित परिणाम दिन सकेनन्। नेपालको अर्थतन्त्र अझै आयातमुखी, उपभोगमुखी र विप्रेषणमा निर्भर छ। औद्योगिकीकरण, उत्पादन वृद्धि र रोजगारी सिर्जनामा अपेक्षित प्रगति हुन नसक्दा लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य भएका छन्।

अर्कोतर्फ, सत्ता सञ्चालनसँगै केही वामपन्थी नेतृत्व तथा उनीहरूको वरिपरि विकसित आर्थिक-राजनीतिक सम्बन्धले समाजवादी आदर्शप्रति थप प्रश्न उठाएको छ। समानताको राजनीति गर्ने दलहरू स्वयं शक्ति र स्रोतको केन्द्रमा सीमित हुँदै गएको आलोचना व्यापक रूपमा सुनिन थालेको छ। यसले सिद्धान्त र व्यवहारबिचको दुरीलाई अझ स्पष्ट रूपमा उजागर गरेको छ।

कार्ल मार्क्सले उत्पादन सम्बन्धमा परिवर्तनबिना सामाजिक न्याय सम्भव नहुने तर्क गरेका थिए। फ्रेडरिक एंगेल्सले राज्यलाई ऐतिहासिक विकासक्रमको उपज माने भने लेनिनले अनुशासित, वैचारिक र जनउत्तरदायी पार्टीलाई समाजवादी आन्दोलनको आधारका रूपमा व्याख्या गरे। माओत्सेतुङको जनरेखा अवधारणाले जनताबाट सिक्ने, जनताकै अनुभवलाई नीतिमा रूपान्तरण गर्ने र पुनः जनतामाझ फर्कने राजनीतिक संस्कृतिमा जोड दिन्छ। यी सबै चिन्तकका दृष्टिकोण फरक भए पनि उनीहरूको साझा निष्कर्ष स्पष्ट छ– कुनै पनि राजनीतिक आन्दोलनको विश्वसनीयता केवल सत्ता प्राप्तिमा होइन; विचारको प्रामाणिकता, संगठनको लोकतान्त्रिक संस्कार र जनविश्वासको निरन्तरतामा निर्भर हुन्छ।

### *वर्गीय प्रतिनिधित्वदेखि राजनीतिक अभिजात वर्गसम्म*

वाम आन्दोलनले सुरुदेखि नै किसान, मजदुर र श्रमिक वर्गको प्रतिनिधित्व गर्ने दाबी गर्दै आफ्नो राजनीतिक आधार निर्माण गरेको थियो, तर समयक्रममा नेतृत्वको जीवनशैली, सत्ता अभ्यास र निर्णय प्रक्रियाका कारण आन्दोलनभित्रै नयाँ राजनीतिक-आर्थिक अभिजात वर्ग विकसित भएको भन्ने आलोचना बढ्दै गएको छ। कृषकले मल, बिउ, सिँचाइ र कृषि उपजको बजारीकरणजस्ता आधारभूत समस्यासँग सङ्घर्ष गरिरहँदा, श्रमिकले सम्मानजनक पारिश्रमिक र सामाजिक सुरक्षाको माग गरिरहँदा राजनीतिक नेतृत्वको प्राथमिकता उत्पादन र श्रमभन्दा सत्ता व्यवस्थापन, पद बाँडफाँट र शक्ति सन्तुलनमा केन्द्रित भएको सार्वजनिक धारणा बलियो बन्दै गएको छ।

यस्ता प्रवृत्तिले घोषणापत्रमा व्यक्त गरिएका प्रतिबद्धता र शासन सञ्चालनका वास्तविक प्राथमिकताबिच दुरी बढेको अनुभूति गराएको छ। यही कारण वाम आन्दोलनले प्रतिनिधित्व गर्ने दाबी गरेका वर्गहरू र नेतृत्वबिचको सम्बन्धबारे पुनः समीक्षा आवश्यक भएको तर्क पनि बलियो बन्दै गएको छ।

### *जनवादी केन्द्रीयताको अभ्यास : सिद्धान्त र यथार्थ*

कम्युनिष्ट संगठनको आधारभूत सिद्धान्त जनवादी केन्द्रीयता हो। यसको मूल मर्म खुला वैचारिक बहस, लोकतान्त्रिक निर्णय प्रक्रिया र निर्णयपछिको सामूहिक अनुशासनमा निहित हुन्छ। यस सिद्धान्तले आन्तरिक लोकतन्त्र र संगठनात्मक एकतालाई समान रूपमा महत्त्व दिन्छ, तर पछिल्ला वर्षहरूमा नेपाली कम्युनिष्ट दलहरूभित्र आन्तरिक लोकतान्त्रिक अभ्यास कमजोर हुँदै गएको र निर्णय प्रक्रिया क्रमशः नेतृत्व-केन्द्रित बन्दै गएको भन्ने बहस सशक्त रूपमा उठिरहेको छ। विशेषतः २०७५ सालमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता र त्यसपछिको विघटनले वैचारिक मतभेदभन्दा नेतृत्व सङ्घर्ष, शक्ति सन्तुलन र संगठनात्मक कमजोरीलाई बढी उजागर गर्‍यो। यस घटनाले जनवादी केन्द्रीयताको सिद्धान्त व्यवहारमा कति प्रभावकारी रूपमा लागू भयो भन्ने प्रश्नलाई पुनः बहसको केन्द्रमा ल्याएको छ।

### *वैचारिक लचकता कि राजनीतिक अवसरवाद ?*

बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र स्वीकार गरेपछि नेपाली वामपन्थी दलहरूले संसदीय राजनीतिमार्फत सत्ता प्राप्त गर्ने मार्ग रोजे। लोकतान्त्रिक व्यवस्थामा गठबन्धन र सहकार्य स्वाभाविक राजनीतिक अभ्यास हुन्। तर वैचारिक रूपमा फरक धारका शक्तिहरूसँग पटक-पटक सत्ता साझेदारी गर्नु र बदलिँदो राजनीतिक समीकरणअनुसार गठबन्धन परिवर्तन भइरहनुले वामपन्थी दलहरूको वैचारिक स्पष्टता र दीर्घकालीन राजनीतिक विश्वसनीयतामाथि प्रश्न उठाएको छ। हिजो कडा आलोचना गरिएका शक्तिहरूसँग आज सरकार गठन गर्नुपर्ने अवस्थाले कार्यकर्ता र समर्थकमाझ वैचारिक अन्योल सिर्जना गरेको देखिन्छ।

लोकतान्त्रिक राजनीतिमा व्यावहारिक लचकता अपरिहार्य हुन सक्छ, तर त्यसको सीमा कहाँसम्म हुनुपर्छ भन्ने प्रश्न आज नेपाली वाम आन्दोलनको महत्त्वपूर्ण वैचारिक बहस बनेको छ। अन्ततः कुनै पनि राजनीतिक दलको विश्वसनीयता गठबन्धन परिवर्तनको आवृत्तिले होइन, आफ्ना घोषित सिद्धान्तप्रतिको प्रतिबद्धताले मापन हुन्छ।

### *संविधान, संस्थागत लोकतन्त्र र समाजवादको प्रश्न*

नेपालको संविधानले राज्यलाई समाजवाद-उन्मुख राजनीतिक-आर्थिक दिशातर्फ उन्मुख गर्ने स्पष्ट प्रतिबद्धता व्यक्त गरेको छ। त्यसैले संविधानको भावना, विधिको शासन र लोकतान्त्रिक संस्थाप्रतिको सम्मान कुनै एक दलको मात्र होइन, सम्पूर्ण राजनीतिक शक्तिहरूको साझा दायित्व हो। यद्यपि पछिल्ला वर्षहरूमा संवैधानिक संस्थाहरूको स्वतन्त्रता, अध्यादेशको प्रयोग, संसद् विघटनसम्बन्धी विवाद तथा राज्यका प्रमुख संस्थामाथि राजनीतिक प्रभावका विषयले लोकतान्त्रिक अभ्यासबारे गम्भीर बहस सिर्जना गरेका छन्। यसले समाजवादको आदर्श संवैधानिक घोषणामा मात्र सीमित रहने कि लोकतान्त्रिक शासन अभ्यासमार्फत नागरिकको जीवनमा पनि अनुभूत हुने भन्ने प्रश्नलाई थप सान्दर्भिक बनाएको छ।

लोकतान्त्रिक राजनीतिक दलको वास्तविक शक्ति त्यसका संस्थाहरूमा निहित हुन्छ। केन्द्रीय समिति, स्थायी समिति, संसदीय दल, प्रदेश समिति तथा अन्य वैधानिक संरचनाहरू निर्णय प्रक्रियाका औपचारिक केन्द्र हुन्, तर पछिल्ला वर्षहरूमा महत्त्वपूर्ण राजनीतिक निर्णयहरू संस्थागत संरचनाभन्दा शीर्ष नेताहरूका निजी निवास वा अनौपचारिक छलफलबाट तय हुने गरेको सार्वजनिक धारणा बलियो बन्दै गएको छ।

अनौपचारिक संवाद लोकतान्त्रिक राजनीतिमा स्वाभाविक प्रक्रिया हो, तर जब निर्णयको वैधानिक केन्द्र संस्था नभई व्यक्ति बन्छ, संस्थागत लोकतन्त्र

*बाँकी पृष्ठ ३मा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

| एम्बुलेन्स | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

| प्रहरी कार्यालय | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

| अस्पतालहरू | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

| महत्वपूर्ण कार्यालयहरू | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नेपाली वामपन्थी ........

क्रमशः कमजोर हुन थाल्छ । त्यस अवस्थामा दलका औपचारिक संरचनाहरू निर्णय निर्माण गर्ने केन्द्रभन्दा निर्णय अनुमोदन गर्ने माध्यममा सीमित हुने जोखिम बढ्छ । लोकतान्त्रिक राजनीतिक संस्कृतिको दीर्घकालीन सुदृढीकरणका लागि यस्तो प्रवृत्ति सकारात्मक मान्न सकिँदैन ।

***प्रदेश सरकार र सत्ता समीकरणको राजनीति***

संघीय शासन प्रणालीको मूल उद्देश्य अधिकारको विकेन्द्रीकरण, स्थानीय आवश्यकताअनुसार शासन सञ्चालन तथा जनसहभागितामार्फत लोकतन्त्रलाई आधारभूत तहसम्म संस्थागत गर्नु थियो, तर व्यवहारमा प्रदेश सरकारहरू बारम्बार केन्द्रको सत्ता समीकरणको प्रत्यक्ष प्रभावमा पर्ने गरेका छन् । मुख्यमन्त्री परिवर्तन, गठबन्धन फेरबदल, मन्त्रालय बाँडफाँट तथा सरकार गठनका विषयमा केन्द्रको राजनीतिक निर्णय नै निर्णायक बन्ने प्रवृत्तिले प्रदेशको राजनीतिक स्वायत्तता र संस्थागत स्थायित्वमाथि प्रश्न उठाएको छ । कतिपय अवस्थामा औपचारिक पार्टी संरचनाभन्दा शीर्ष नेतृत्वको अनौपचारिक निर्देशन बढी प्रभावकारी हुने गरेको सार्वजनिक धारणा पनि बलियो बन्दै गएको छ ।

आज नेपाली राजनीतिमा सबैभन्दा धेरै सुनिने शब्द हुन्- गठबन्धन, समर्थन, विश्वासको मत, सरकार परिवर्तन, समीकरण र मन्त्रालय, तर उत्पादन, भूमिसुधार, श्रमिक अधिकार, सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य, आर्थिक रूपान्तरण र समाजवाद जस्ता विषयहरू क्रमशः राजनीतिक बहसको केन्द्रबाट ओझेल पर्दै गएको अनुभूति हुन्छ ।

यसले नीतिगत बहसभन्दा सत्ता व्यवस्थापनले प्राथमिकता पाएको सङ्केत गर्दछ । यही सन्दर्भमा एउटा गम्भीर प्रश्न उठ्छ- के आन्दोलनका प्राथमिकताहरू वास्तवमै बदलिएका हुन् वा शासन सञ्चालनका व्यावहारिक आवश्यकताले केही समयका लागि वैचारिक एजेन्डालाई पछाडि सारेको हो ? यदि यो अस्थायी अवस्था हो भने यसलाई लोकतान्त्रिक अभ्यासभित्रको राजनीतिक लचकताका रूपमा बुझ्न सकिन्छ, तर यही प्रवृत्ति स्थायी राजनीतिक संस्कारमा रूपान्तरण भयो भने आन्दोलनको वैचारिक पहिचान र दीर्घकालीन विश्वसनीयतामाथि नै गम्भीर प्रश्न खडा हुन सक्छ ।

***नेतृत्व पुस्तान्तरण र नयाँ पुस्ताको अपेक्षा***

कुनै पनि राजनीतिक आन्दोलनको दीर्घकालीन सफलता नेतृत्वको निरन्तरता र पुस्तान्तरणसँग जोडिएको हुन्छ । कम्युनिस्ट दर्शनले पनि समाज परिवर्तनलाई निरन्तर प्रक्रियाका रूपमा स्वीकार गर्दछ । त्यसैले नयाँ नेतृत्वको विकास, वैचारिक नवीकरण र संगठनात्मक रूपान्तरण आन्दोलनको स्वाभाविक आवश्यकता मानिन्छ, तर नेपाली वाम आन्दोलनमा नेतृत्व हस्तान्तरणको प्रश्न लामो समयदेखि बहसको विषय बने पनि व्यवहारमा अपेक्षित गति लिन सकेको छैन । युवा पुस्ताले केवल चुनावी अभियानका कार्यकर्ताको भूमिकाभन्दा माथि उठेर नीति निर्माण, नेतृत्व विकास र निर्णय प्रक्रियामा सार्थक सहभागिता खोजिरहेको छ । बदलिँदो सामाजिक संरचना, सूचना प्रविधिको प्रभाव र नयाँ पुस्ताको राजनीतिक चेतनालाई सम्बोधन गर्न नसक्ने आन्दोलनले दीर्घकालीन जनविश्वास कायम राख्न कठिन हुन सक्छ ।

***अन्तर्राष्ट्रिय अनुभव : सोभियत पतन र चीनको व्यवहारवाद***

विश्व कम्युनिष्ट आन्दोलनका अनुभवहरूले राजनीतिक आन्दोलनको उदय, रूपान्तरण र अवसानबारे महत्त्वपूर्ण पाठ प्रस्तुत गरेका छन् । विशेषतः सोभियत सङ्घ र चीनका अनुभवले सिद्धान्त, नेतृत्व र व्यवहारबिचको सम्बन्धलाई फरक-फरक दृष्टिकोणबाट उजागर गर्छन् । सोभियत सङ्घका अन्तिम नेता मिखाइल गोर्बाचोभले पेरेस्त्रोइका (पुनर्संरचना) र ग्लासनोस्त (खुलापन) मार्फत सुधारको प्रयास गरे, तर संगठनभित्र लामो समयदेखि जमेको वैचारिक जडता, नोकरशाही संस्कार र नेतृत्व संरचनामा समयमै प्रभावकारी सुधार हुन नसक्दा सन् १९९१ मा सोभियत सङ्घ विघटन भयो । यस घटनाले कुनै पनि राजनीतिक आन्दोलन इतिहासका उपलब्धि, गौरवशाली नाराहरू वा वैचारिक विरासतको भरमा मात्र दीर्घकालसम्म टिक्न नसक्ने सन्देश दिएको छ ।

यसको विपरीत देङ सियाओपिङको नेतृत्वमा चीनले वैचारिक कठोरताभन्दा व्यवहारिक परिणामलाई प्राथमिकता दिने नीति अवलम्बन गर्‍यो । बजार संयन्त्र, विदेशी लगानी, प्रविधि र राज्यको दीर्घकालीन रणनीतिक योजनाबिच समन्वय गर्दै आर्थिक विकासलाई राष्ट्रिय प्राथमिकता बनाइयो । यसले चीनलाई विश्व अर्थतन्त्रको अग्रणी शक्तिमध्ये एकका रूपमा स्थापित गर्न महत्त्वपूर्ण आधार प्रदान गरुर्‍यो ।

यी दुई अनुभवले एउटै मूल शिक्षा दिन्छन्; कुनै पनि राजनीतिक आन्दोलनको दीर्घकालीन सफलता केवल सिद्धान्तप्रतिको निष्ठामा होइन, बदलिँदो सामाजिक-आर्थिक यथार्थअनुसार आफूलाई रूपान्तरण गर्न सक्ने क्षमता, संस्थागत सुधार, नेतृत्व नवीकरण र प्रभावकारी कार्यसम्पादनमा निर्भर हुन्छ । नेपाली वाम आन्दोलनका लागि पनि आजको सबैभन्दा महत्त्वपूर्ण प्रश्न यही हो– के यसले आफ्ना ऐतिहासिक आदर्शलाई समकालीन यथार्थसँग जोड्दै नयाँ विश्वास निर्माण गर्न सक्छ ?

***जनमतले दिएको सन्देश***

नेपालको राजनीतिक इतिहासमा २०६४ सालको पहिलो संविधान सभा निर्वाचन र २०७४ सालको आम निर्वाचनले वामपन्थी शक्तिलाई अभूतपूर्व जनसमर्थन प्रदान गरे । जनताले स्थिर सरकार, सुशासन, आर्थिक रूपान्तरण र विकासको अपेक्षासहित उनीहरूलाई ठूलो राजनीतिक जिम्मेवारी सुम्पिएका थिए, तर समयक्रममा शासन सञ्चालनको शैली, आन्तरिक विवाद, नेतृत्व व्यवस्थापन, सुशासनसम्बन्धी प्रश्न तथा जनअपेक्षाबिच बढ्दो दुरीका कारण परम्परागत वामपन्थी शक्तिप्रतिको विश्वास क्रमशः कमजोर हुँदै गएको देखियो ।

यसले राजनीतिक विश्वसनीयता केवल निर्वाचन जितेरमात्र कायम नहुने, प्रभावकारी कार्यसम्पादन, पारदर्शिता र सार्वजनिक उत्तरदायित्वमा पनि समान रूपमा निर्भर रहने तथ्यलाई पुनः स्थापित गरेको छ । विशेषगरी युवा पुस्तामा बढ्दो राजनीतिक चेतना, भ्रष्टाचारप्रतिको असन्तुष्टि, रोजगारीको चुनौती र सुशासनप्रतिको अपेक्षाले नयाँ राजनीतिक विकल्प प्रतिको आकर्षण बढाएको देखिन्छ । लोकतन्त्रमा जनमत स्थिर रहँदैन; राजनीतिक दलले आफ्नो विचार, संगठन र कार्यशैलीलाई समयानुकूल रूपान्तरण गर्न सकेन भने मतदाता नयाँ विकल्पतर्फ आकर्षित हुनु स्वाभाविक प्रक्रिया हो ।

यस अर्थमा नेपाली वामपन्थी आन्दोलनका सामु आजको चुनौती केवल निर्वाचनमा सफलता हासिल गर्नुमात्र होइन, आफ्ना घोषित आदर्शलाई शासन, नीति र राजनीतिक संस्कृतिमा विश्वसनीय रूपमा रूपान्तरण गर्दै जनविश्वास पुनः आर्जन गर्नु पनि हो । इतिहासले देखाएको छ– कुनै पनि राजनीतिक आन्दोलनको दीर्घायु विगतका उपलब्धिले मात्र सुनिश्चित हुँदैन; आत्मसमीक्षा, संस्थागत सुधार, नेतृत्वको विश्वसनीयता र समयानुकूल रूपान्तरण गर्ने क्षमताले नै त्यसको भविष्य निर्धारण गर्छ । यही प्रश्नको उत्तरले नेपाली वाम आन्दोलनको आगामी राजनीतिक सान्दर्भिकता पनि तय गर्नेछ ।

*(लेखक कानुनमा स्नातक र मेलमिलाप अभियन्ता हुनका साथै राजनीतिक विषयमा विशेष रुचि राख्छन्)*

# आमाको दुध : शिशुको पहिलो खोप

आजदेखि विश्व स्तनपान सप्ताह सुरु भएको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ), संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ), विभिन्न देशका स्वास्थ्य मन्त्रालय तथा नागरिक समाजका संस्थाको सहयोगमा प्रत्येक वर्ष अगस्टको पहिलो साता विश्व स्तनपान सप्ताह मनाइन्छ। यस वर्ष 'जीवनको दिगो सुरुआतका लागि स्तनपान : प्रभावकारी अभ्यासलाई थप सुदृढ बनाऔं' भन्ने नाराका साथ सप्ताह मनाइँदै




छ।

पछिल्लो तथ्याङ्कअनुसार स्तनपान गराउने आमाको सङ्ख्या घट्दै गएको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार ६ महिनासम्म पूर्ण स्तनपान गराउने दर ५६ प्रतिशतमा सीमित छ। शिशु जन्मिएलगत्तै पहिलो घण्टाभित्र आमाको दुध खुवाउने दर पनि ५६ प्रतिशतमै झरेको छ।

खासगरी निजी अस्पतालमा शल्यक्रिया (सिजेरियन) मार्फत बच्चा जन्माउने क्रम बढ्नु तथा शल्यक्रियापछिको दुखाइ कम गर्ने बहानामा आमा र नवजात शिशुलाई छुट्टाछुट्टै राखेर उपचार गर्ने गलत अभ्यासलगायतका कारण सन् २०१६ को तुलनामा स्तनपानको अवस्था खस्कँदै गएको पोषणविद्हरू बताउँछन्।

शिशुका लागि आमाको दुध अमृतसमान मानिन्छ। विश्व स्तनपान सप्ताहको अवसरमा बालरोग विशेषज्ञ डा. नवीन पोखेलसँग गरिएको कुराकानीको सम्पादित अंश :

***विश्व स्तनपान सप्ताह मनाइरहेका छौं। यसको महत्त्वबारे बताइदिनुहोस् न ।***

स्तनपान सप्ताह मनाउनुको मुख्य उद्देश्य स्तनपानको महत्त्वबारे जानकारी गराउनु र जनमानसमा चेतना फैलाउनु हो। बच्चा जन्मिएपछि पहिलो एक घण्टाभित्रै स्तनपान सुरु गर्नुपर्छ र कम्तीमा ६ महिनासम्म पूर्ण स्तनपान गराउनुपर्छ।

स्तनपान अत्यन्त आवश्यक छ, किनभने यसले बच्चालाई रोगसँग लड्न सक्ने क्षमता प्रदान गर्छ। बच्चाको जीवनको सुरुका ६ महिनामा आवश्यक पर्ने सम्पूर्ण पोषण आमाको दुधबाटै प्राप्त हुन्छ।

***शिशु जन्मिनेबित्तिकै आमाको पहिलो बिगौती दुध खुवाउनु किन आवश्यक छ? यसले बच्चाको रोग प्रतिरोधात्मक क्षमतामा कसरी काम गर्छ?***

बच्चा जन्मिएपछि आमाले सुरुमा आउने बिगौती दुध (कोलोस्ट्रम) खुवाउनु अति आवश्यक छ। बिगौती दुधमा बच्चालाई चाहिने पोषणका साथै रोगसँग लड्ने क्षमता बढाउने तत्त्वहरू हुन्छन्। जस्तै, इम्युनोग्लोबुलिन 'ए', ल्याक्टोफेरिन र प्रिबायोटिक। बच्चालाई आवश्यक पर्ने रोग प्रतिरोधात्मक क्षमता विकास गर्न यी तत्त्वले महत्वपूर्ण भूमिका खेल्छन्।

अध्ययनहरूले पनि बिगौती दुध खुवाइएका र नियमित स्तनपान गर्ने बच्चामा झाडापखाला, निमोनिया, कानको सङ्क्रमण, सेप्सिस तथा दीर्घकालीन रोगको जोखिम कम हुने देखाएका छन्।

सुरुका ६ महिनासम्म आमाको दुध मात्रै खुवाउनुपर्छ, किनकि यही पर्याप्त हुन्छ। यसमा पानी, ऊर्जा, प्रोटिन, बोसो, भिटामिन तथा रोग प्रतिरोधात्मक तत्त्व सबै उपलब्ध हुन्छन्।

बाहिरको खानेकुरा वा पानी दिँदा सङ्क्रमणको जोखिम बढ्छ। बच्चालाई पानी खुवाउन थालियो भने उसले आमाको दुध कम खान सक्छ, जसले गर्दा आमाको दुध उत्पादनसमेत घट्न सक्छ। आमाको दुध मात्र खुवाउँदा कुपोषण, शिशु मृत्युदर र सङ्क्रमणको जोखिम कम हुने भएकाले यो नै सर्वोत्तम हुन्छ।

***बच्चालाई आमाको दुध पुगेको छ वा छैन भनेर कसरी थाहा पाउने?***

बच्चालाई दुध पुगे-नपुगेको थाहा पाउन केही सङ्केत हेर्नुपर्छ। दुध पुगेको छ भने बच्चाले २४ घण्टामा कम्तीमा ६-७ पटक पिसाब फेर्छ। दुध खाएपछि बच्चा सन्तुष्ट हुन्छ र राम्रोसँग निदाउँछ। साथै, बच्चाको तौल पनि क्रमिक रूपमा बढिरहेको हुन्छ। यी आधारमा बच्चाले पर्याप्त दुध खाएको बुझ्न सकिन्छ।

दुध नपुगेको अवस्थामा बच्चाको तौल बढ्दैन, पिसाब कम हुन्छ र बच्चा सुस्त देखिन्छ। त्यसैले बच्चालाई बारम्बार स्तनपान गराइरहनुपर्छ।

पछिल्लो समय व्यस्त आमाहरूले बच्चालाई स्तनपान नगराएर 'फर्मुला फिडिङ' गराइरहेको पनि देखिन्छ। यसलाई कसरी हेर्नुहुन्छ?

आमाको दुधको सट्टा बट्टाको दुध खुवाउने कार्यलाई फर्मुला फिडिङ भनिन्छ। विश्व स्वास्थ्य सङ्गठनको सिफारिस र बालरोग विशेषज्ञहरूको निर्देशिकाअनुसार सकेसम्म पहिलो ६ महिना आमाको दुध मात्रै खुवाउनुपर्छ।

आमा नभएको अवस्था, आमा बिरामी भएर स्तनपान गराउन नमिल्ने अवस्था वा विशेष परिस्थितिमा मात्र फर्मुला फिड गराउनुपर्ने हुन्छ। अन्यथा, बच्चालाई आमाकै दुध खुवाउनुपर्छ।

बट्टाको दुधले आमाको दुधलाई पूर्ण रूपमा प्रतिस्थापन गर्न सक्दैन। कहिले आमाको दुध र कहिले बट्टाको दुध खुवाउँदा सङ्क्रमणको सम्भावना बढ्न सक्छ। यसले एकातिर आमाको दुध उत्पादन कम गराउन सक्छ भने अर्कोतिर बच्चाले आमाको दुध खान कम रुचि देखाउन सक्छ।

***त्यसो भए आमाको दुध नै बच्चाको पहिलो खोप हो त?***

पक्कै पनि। स्तनपान सप्ताह मनाउँदा हामीले यही जनचेतना फैलाउनुपर्छ। बच्चा जन्मिनेबित्तिकै स्तनपान सुरु गरौं र सुरुमा आउने बिगौती दुध कहिल्यै नफालौं। ६ महिनासम्म आमाको दुध मात्रै खुवाऔं, अरू केही नखुवाऔं। ६ महिनापछि थप पौष्टिक आहार सुरु गरौं र २ वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिऔं।

स्तनपान गराउने सही तरिका पनि सिक्नुपर्छ। बच्चालाई सही आसनमा राखेर कसरी दुध खुवाउने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। साथै, सुत्केरी आमाको सन्तुलित आहार र पर्याप्त आराममा पनि विशेष ध्यान दिनुपर्छ।

साँच्चै नै, आमाको दुध बच्चाको पहिलो खोप हो। यही सन्देश प्रवाह गर्दै हामीले विश्व स्तनपान सप्ताह मनाउनुपर्छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# सिया मेडिकेयरमा इमर्जेन्सी सेवा सुरु




दैनिक समाचारदाता
जनकपुरधाम, २४ साउन । जनकपुरधामस्थित सिया मेडिकेयर प्रालिले आफ्नो सेवा विस्तार गर्दै दोस्रो वर्ष प्रवेशसँगै २४ घण्टे इमर्जेन्सी सेवा सञ्चालनमा ल्याएको छ।

अस्पताल सञ्चालनमा आएको एक वर्ष पूरा भएको अवसरमा शनिबारदेखि इमर्जेन्सी सेवासहित प्रसूति, शल्यक्रिया, आईसीयू, एनआईसीयू र जनरल वार्डसमेत २४ घण्टा सञ्चालनमा ल्याइएको अस्पतालका सञ्चालक डा. र ाजीव झाले जानकारी दिए।

सिया मेडिकेयर २०८२ साल साउन २४ गतेदेखि सञ्चालनमा आएको हो। सुरुमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सेवा दिँदै आएको अस्पतालले सेवाग्राहीको विश्वास र माग बढ्दै गएपछि सेवा विस्तार गरि एको डा. झाले बताए।

“गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै सेवाग्राहीको विश्वास जित्न सफल भएका छौँ। त्यसैलाई निरन्तरता दिँदै अब आकस्मिक सेवासहित अस्पतालका महत्वपूर्ण सेवा २४ घण्टा उपलब्ध गराउन थालेका छौँ,” झाले भने।

अस्पतालले सुरुदेखि नै आर्थिक रूपमा विपन्न, जेहेन्दार , दलित तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ। सेवा विस्तारसँगै उक्त सुविधालाई पनि निरन्तरता दिइने डा. झाले बताए। अस्पताल व्यवस्थापनका अनुसार २४ घण्टे इमर्जेन्सी सेवाले जनकपुर धाम तथा आसपासका क्षेत्रका बिरामीलाई आकस्मिक अवस्थामा तत्काल उपचार पाउने सुविधा थपिएको छ।

# सप्तरीमा तीन क्वीन्टल गाँजासहित एक जना पक्राउ



दैनिक समाचारदाता
सप्तरी,२४ साउन। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-८, जोगिनियाबाट प्रहरीले ३ सय २ किलो ४ सय ८० ग्राम लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। जोगिनियास्थित कोशी बाँधको पलारमा सरकारी खाली जग्गामा लगाइएको सनपाट खेतबारीबाट प्रहरीले लागूऔषध गाँजा बरामद गरेको हो।
भारत विहारका नन्दकिशोर मुखियाले लगाएको सनपाट खेतबारीमा खानतलासी गर्दा १२ बोरा गाँजा फेला परेको सप्तरी प्रहरीले जनाएको छ। बरामद गरिएको गाँजा हनुमाननगर कंकालिनी नगरपालिका-७, मुखिया टोल का ५३ वर्षीया माधुरी मुखियाको रहेको खुलेपछि उहाँलाई प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय सप्तरी प्रवक्ता प्रहरी नायव उपरीक्षक हेमराज धिमिरेका अनुसार बरामद गरिएको गाँजाको तौल गर्दा कुल ३०२ किलो ४८० ग्राम रहेको जानकारी दिनुभयो। उहाँले मुखियालाई नियन्त्रणमा लिई गाँजा सम्बन्धमा थप अनुसन्धान भइरहेको बताउनुभयो।

# अनुदान कटौतीको दबाबमा बर्दिबास

दैनिक समाचारदाता
जनकपुरधाम, २४ साउन। संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा कटौती भएपछि बर्दिबास नगरपालिकाको विकास निर्माण र सेवा प्रवाहमा दबाब बढेको छ। सीमित स्रोतका बाबजुद नगरपालिकाले सडक, स्वास्थ्य, सूचना प्रविधि र सुशासनका क्षेत्रमा कामलाई निरन्तरता दिएको जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै नगर प्रमुख प्रह्लाद क्षेत्रीले अनुदान कटौतीका कारण नगर पालिकाको बजेटमा असर पर ेको बताए। उनका अनुसार नगर पालिकाले संघीय सरकारबाट ७१ करोड ८७ लाख रुपैयाँ अनुदान पाउनुपर्नेमा ६४ कर ोड ५० लाख रुपैयाँ मात्र प्राप्त गरेको छ। यसबाट सात करोड ३७ लाख रुपैयाँ बजेट घटेको हो। प्रदेश सरकारबाट प्राप्त अनुदान पनि अपेक्षाअनुसार नआएको उनले बताए।

“अनुदान कटौतीले विकास निर्माणदेखि जनताको घर दैलोसम्मको सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ,” क्षेत्रीले भने।

बजेट अभावका बीच नगर पालिकाले नगर क्षेत्रमा १५ किलोमिटर अप्टिकल फाइबर विस्तार गरेको छ। सूचना प्रविधिको पहुँच थप विस्तार गर्नुपर्ने आवश्यकता रहे पनि त्यसका लागि पर्याप्त बजेट नभएको नगरप्रमुख क्षेत्रीले बताए।

नगरपालिकाका शाखा तथा वडा कार्यालय, विद्यालय र अस्पताललाई एकीकृत सूचना प्रणालीमा जोडिएको छ। डिजिटल हाजिरी प्रणाली लागू गरेपछि कर्मचारीको नियमितता र कार्यसम्पादनमा सुधार आएको नगरपालिकाको दाबी छ।

प्रविधिको प्रयोगसँगै खरिद, टेन्डर तथा जनशक्तिसम्बन्धी सूचना पारदर्शी बनाइएको समीक्षा कार्यक्रममा जानकारी दिइएको छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा विपद् व्यवस्थापन कोषको खर्चलगायतका एकीकृत विवरण वेबसाइट र सञ्चार शाखामार्फत सार्वजनिक गर्न नगरप्रमुख क्षेत्रीले निर्देशन दिएका छन्।

*१६ किलोमिटर सडक स्तरोन्नति*

आर्थिक वर्ष २०८२/८३ मा नगरपालिकाले २.८ किलोमिटर सडक कालोपत्रे, १० किलोमिटर सडक ढलान र तीन किलोमिटर सडक ग्राभेल गरी कुल १६ किलोमिटर सडक स्तरोन्नति गर ेको जनाएको छ। यस अवधिमा दुई हजार ३६४ मिटर पक्की नाला, १२ वटा कल्भर्ट र एउटा पक्की पुल निर्माण भएको छ।

स्वास्थ्यतर्फ बर्दिबास अस्पतालमा फिजियोथेरापी, हाडजोर्नी तथा नसासम्बन्धी शल्यक्रिया, थाइराइड परीक्षण र साइकियाट्रिक ओपीडी सेवा थप गरिएको छ। सेवा विस्तार सँगै अस्पतालमा उपचारका लागि आउने बिरामीको सङ्ख्या ४५ हजारभन्दा बढी पुगेको नगर पालिकाले जनाएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो सङ्ख्या करि ब ३९ हजार चार सय थियो।

भूमि व्यवस्थापनतर्फ नगर क्षेत्रका नौ हजार ७८४ भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरि एको छ। उनीहरूलाई कानुनी प्रक्रियामार्फत जग्गाधनी प्रमाणपुर्जा (सेतो पुर्जा) वितरण गर्ने तयारी भइरहेको नगर पालिकाले जनाएको छ।

नगरपालिकाको कार्यसम्पादनलाई व्यवस्थित बनाउन १२ वटा ऐन, तीनवटा नियमावली तथा ७० वटा निर्देशिका, मापदण्ड र कार्यविधि निर्माण गरी लागू गरिएको छ। बर्दिबासलाई साक्षर नगर पालिका घोषणा गरिएको छ भने १४ मध्ये १३ वटा वडा बालविवाहमुक्त घोषणा भइसकेका छन्।

*बजेट अभावप्रति वडाध्यक्षको गुनासो*

वार्षिक समीक्षा कार्यक्रममा वडाध्यक्ष तथा शाखा प्रमुखहरूले बजेट अभावका कार ण कार्यसम्पादनमा परेको कठिनाइबारे ध्यानाकर्षण गर ाएका थिए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले जनप्रतिनिधिले निर्माण गरेका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नु कर्मचारीको मुख्य जिम्मेवारी भएको बताए। समीक्षा कार्यक्रममा प्राप्त सुझाव र समस्यालाई नगरपालिकाले आगामी कार्यका लागि मार्गदर्शनका रूपमा लिने उल्लेख गर्दै उनले सुशासित र समुन्नत बर्दिबास निर्माणका लागि जनप्रतिनिधि र कर्मचारीबीचको सहकार्य अपरिहार्य रहेको बताए।

१४ वटा वडा रहेको बर्दिबास नगरपालिकामा शिक्षकबाहेक स्थायी, करार तथा ज्यालादारी गरी २७० कर्मचारी कार्यरत छन्। २०७९ सालको राष्ट्रिय जनगणनाअनुसार नगर पालिकाको कुल जनसङ्ख्या ७४ हजार ३६१ रहेको छ।



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३२४

# चिकित्सक-नर्समाथि कुटपिटपछि पलाँता अस्पताल बन्द

दैनिक समाचारदाता
काठमाडौँ २४ साउन। कालिकोटको पलाँता गाउँपालिका(९, थिर्पुस्थित पलाँता अस्पतालको सेवा बन्द भएको छ। अस्पतालमा कार्यरत चिकित्सक र नर्समाथि कुटपिट तथा अस्पतालमा तोडफोड भएपछि अस्पताल अनिश्चितकालका लागि बन्द गरिएको हो।
पलाँता गाउँपालिकाका स्वास्थ्य संयोजक धनप्रसाद न्यौपानेले अस्पतालको सेवा बन्द गरिएको पुष्टि गरे। अस्पताल प्रशासनका अनुसार गत शुक्रबार दिउँसो अस्पतालभित्रै मेडिकल अफिसर डा. अली हैदर रैन र स्टाफ नर्स शान्ता गिरीमाथि स्थानीय व्यक्तिहरूले हातपात गरेका थिए। ड्युटीमा खटिएका चिकित्सक र नर्समाथि साउन २२ गते शुक्रबार दिउँसो अस्पतालमा तथा सोही दिन बेलुकी उनीहरू बसेको क्वार्टरमै पुगेर दोहोऱ्याएर कुटपिट भएको अस्पताल प्रशासनले जनाएको छ।
अस्पतालका अनुसार स्थानीय




मैना बमका छोरासहित केही व्यक्ति अस्पतालको ओपीडीअगाडि बसेर अस्पतालको वाइफाइ प्रयोग गरी मोबाइलमा भिडियो गेम खेलिरहेका थिए। स्वास्थ्य सेवा प्रभावित हुने भन्दै मेडिकल अफिसर डा. अली हैदर रैन र स्टाफ नर्स शान्ता गिरीले उनीहरूलाई अस्पतालबाहिर गएर मोबाइल चलाउन आग्रह गरेपछि विवाद सुरु भएको थियो। सुरक्षा गार्डले उनीहरूलाई अस्पताल परिसरबाट बाहिर निकाल्न खोज्दा चिकित्सक तथा नर्समाथि हातपात भएको अस्पताल प्रशासनले जनाएको छ।
अस्पतालमा कार्यरत एक नर्सका अनुसार क्वार्टर अस्पतालभित्र सारिएदेखि नै आफूहरूमाथि निरन्तर गालीगलौज हुँदै आएको थियो। उनले भनिन्, “पहिले हाम्रो क्वार्टर उहाँहरूकोमा थियो। व्यवस्थापन समितिको सल्लाहअनुसार क्वार्टर अस्पतालभित्र सारिएको थियो। साउन १५ गते क्वार्टर सरेदेखि निरन्तर गाली भइरहेको थियो। वाइफाइ चलाउन नदिएको विषयमा हामीमाथि आक्रमण भयो।”
उनले मैना बमको परिवारबाट आफूले लामो समयदेखि मानसिक तनाव व्यहोर्दै आएको पनि बताइन्। “हामीमाथि अपशब्द पनि बोलियो। हामीलाई देखेपछि गाली गर्ने, बाहिर निस्केको देखेपछि पनि गाली गर्ने गरिन्थ्यो। ‘यो मेरो जग्गा हो, यो बाटो हिँडिस् भने राम्रो हुनेछैन’ भन्नुहुन्थ्यो,” उनले भनिन्।
पालिकाका स्वास्थ्य संयोजक न्यौपानेले सोमबार घटनाको मुचुल्का तयार गरी त्यसपछि सर्वपक्षीय छलफलमार्फत समस्याको निकास खोजिने बताए।
“डा. अली हैदर रैन कालिकोट सदरमुकाम मान्मा जानुभएको छ। उहाँ र नर्सको मुख्य माग न्याय चाहियो भन्ने हो। सोमबार जनप्रतिनिधिसहितको बैठक बस्छ,” न्यौपानेले भने।
अस्पतालमा तोडफोड हुँदा मेडिकल उपकरणमा समेत क्षति पुगेको जनाइएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४